# सिद्धार्थनगर नगरपालिकाको कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिता

(क) स्थानीय स्वायत्त शासन नियमावली २०५६ (चौथों संसोधन २०६४) को नियम २६४ मा उल्लेख भएको आचारणहरुको अनिवार्य रुपमा पालना गर्ने ।

(ख) उक्त नियममा उल्लेख भएका बाहेक तपशिलका आचार संहिताको समेत पालना गर्ने ।

१. नेपाल सरकारबाट तोकिएको कार्यालय समय पालनागर्ने असल संस्कारको विकास गर्ने
२. तोकिएको अनुशासनमा रहि आफ्नो काम, कर्तव्य, जिम्मवारी ईमान्दारिता तथा कर्तव्य परायणताका साथ पालना गर्ने
३. नगरपालिकाको कामको सम्बन्धमा आफु माथिमा अधिकृतले दिएको आज्ञालाई सिध्रताका साथ पालना गर्ने ।
४. प्रचलित कानुन बमोजिम दर्ता नभएका र नेपाल सरकारबाट मान्यता नपाएको कर्मचारीको कुनै पनि संगठनको सदस्यता नलिने ।
५. वर्तमान संविधानले स्थापना गरेको संवैधानिक मूल्य मान्यताको सम्मान गर्ने ।
६. नगरपालिकाको कामको सम्बन्धमा कुनै व्यक्ति संघसंस्थाबाट उपहार, दान दातब्य नलिने ।
७. सेवा ग्राही प्रति शिष्ट सम्मान जनक व्यवहार गर्ने ।
८. नगरवासीको सेवाको रुपमा प्रस्तुत हुने । शालिन व्यवहार अवलम्बन गर्ने ।
९. कार्यालयबाट तोकिएको जिम्मेवारी तत्परता एवं हार्दिकतासाथ पुरा गर्ने ।
१०. सेवाग्राही प्रति पूर्णत जिम्मेवार बन्ने ।
११. करले होइन रहरले सेवा गर्ने बानी बसाल्ने ।
१२. रहरले काम गर्ने, हाँसेर बोल्ने ।
१३. पारदर्शी व्यवहार अवलम्बन गर्ने ।
१४. नगरवासीको सुसुचित हुने हकको सम्मान गर्ने ।
१५. सेवाग्राहीको गुनासो र पिरमर्का प्रति सम्वेदनशिल बन्ने ।
१६. महिला, अशक्त, अपांगता, असहायता सेवाग्राहीलाई प्राथमिकतामा राखी सेवा प्रदान गर्ने ।
१७. आफु कार्यरत रहेको संस्थाको हित प्रति सधै सचेत रहने ।
१८. प्रचलित ऐन कानुनले निषेध गरेको कुनै पनि काम नगर्ने ।
१९. जातिय, वर्गिय वा लैङ्गिक विभेद हुने कुनै पनि काम नगर्ने, सबैलाई समान र सम्मानजनक व्यवहार गर्ने ।
२०. नगरको सर्वाङ्गिण विकाश प्रति सदा समर्पित र सचेत रहने संस्कारको विकाश गर्ने ।
२१. विदा स्वीकृती गर्दा एवं विदामा बस्दा सेवाग्राहीलाई पर्ने मर्कालाई ध्यान पुऱ्याउने ।
२२. शाखा शाखा तथा उपशाखासंग समन्वय गरी कार्य सम्पादन गर्ने ।
२३. सरकारी कर्मचारीको काम, कर्तव्य र अधिकारको सुविधाका सम्बन्धमा पालन गर्नु पर्ने आचारसंहिता एवं दण्ड सजाय सम्बन्धी मार्ग दर्शनलाई पालना गर्ने ।